# सडक आश्रित मानव व्यवस्थापन कार्यविधि, २०८३

प्रस्तावना: सार्वजनिक निकाय तथा सम्बन्धित कार्यका लागि स्थापना र सञ्चालनमा रहेका गैरसरकारी संघ संस्थाको साझेदारी र समन्वयमा प्रदेशका सार्वजनिक स्थलमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य सडक आश्रित व्यक्तिको पहिचान, उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा त्यस्ता व्यक्तिको जीवनयापनलाई सहज बनाई सडक आश्रित मानवमुक्त प्रदेश बनाउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "सडक आश्रित मानव व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले सडक मानवमुक्त प्रदेश निर्माणका लागि सञ्चालन हुने सहयोग कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यक्रम सहजीकरण समिति" भन्नाले दफा १९ बमोजिमको कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समिति सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय वा मन्त्रालय मातहतको कार्यालय सम्झनु पर्छ।

(घ) "निर्देशक समिति" भन्नाले दफा १७ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(छ) "सडक आश्रित मानव" भन्नाले असहाय, अशक्त, वेसहारा, अनाथ, संरक्षकविहीन भई प्रदेशका विभिन्न सार्वजनिक स्थल तथा सडकपेटी, पाटीपौवा, मठमन्दिर, अस्पताल लगायतका स्थलमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्ति सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले प्रदेशका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम संस्था स्थापना भई सडक आश्रित मानवको पहिचान, उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा त्यस्ता व्यक्तिको जीवनयापनलाई

प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

सहज बनाउन अस्थायी वा स्थायी अवधिको लागि आश्रम स्थापना गरी सञ्चालन रहेको संस्था सम्झनु पर्छ।

३. <u>कार्यक्रमको उद्देश्य:</u> यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) घरपरिवारमा थुनिएर, बाँधिएर, अमानवीय रूपमा जीवनजीउन बाध्य व्यक्तिको परिवारलाई दायित्व बोध गराई उचितरूपमा संरक्षणको वातावरण सिर्जना गर्ने,

(ख) निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम मार्फत कुनै व्यक्तिलाई सडकमा जीवनयापन गर्नुपर्ने अवस्थाको अन्त्य गर्ने,

४. <u>सडक आश्रित मानवको पहिचान:</u> सडक आश्रित मानवको पहिचान देहायका आधारमा गरिनेछः-

(क) स्थानीय तह वा सम्बन्धित वडा कार्यालयबाट सडक आश्रित मानव भनी सिफारिस भई आएमा,

(ख) प्रहरी कार्यालय वा सुरक्षा निकायबाट सडक आश्रित मानव भनी सिफारिस भई आएमा,

(ग) संस्था आफैले वा खण्ड (क) वा (ख) बमोजिमका निकायसँगको समन्वयमा सडक मानव भनी पहिचान गरेका,

(घ) कुनै व्यक्ति वा अन्य कुनै माध्यमबाट कार्यालय वा संस्थालाई सडक आश्रित मानव भनी सूचना प्राप्त भएका।

५. <u>सडक आश्रित मानवको उद्धार प्रक्रिया:</u> (१) संस्था आफै वा अन्य निकायको समन्वयमा पहिचान भएका सडक आश्रित मानवलाई सहयोग गर्न सञ्चालन तथा व्यवस्थापन हुदै आएको नजिकको आश्रममा उद्धार गरी लैजानु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था बाहेक अन्य निकायले सडक आश्रित मानव हो भनी पहिचान भएका व्यक्तिलाई संस्था वा आश्रममा पुर्‍याई संस्था वा आश्रमको जिम्मा लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम संस्थालाई जिम्मा लगाएका व्यक्ति सडक आश्रित मानव भए नभएको यकीन गरी सडक आश्रित मानव भएमा संस्थाले आफ्नो आश्रममा राख्नु पर्नेछ।

६. <u>संस्थाको कार्य:</u> संस्थाले सडक आश्रित मानवको उद्धार सम्बन्धमा देहाय बमोजिमका कार्य गर्न सक्नेछः-

(क) नियमित रूपमा सडक आश्रित सहयोगापेक्षी मानवको पहिचान गर्ने,



प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

(ख) उद्धार कार्यक्रममा सम्भव भएसम्म स्थानीय जनप्रतिनिधि, प्रहरी र सरोकारवाला निकायलाई समेत सहभागी गराउने,

(ग) उद्धार गर्दा सम्भावित जोखिमलाई मूल्याङ्कन गरी बढी जोखिममा रहेका सहयोगापेक्षीलाई प्राथमिकताको आधारमा उद्धार गर्ने,

(घ) सहयोगापेक्षीको अन्तिम विकल्पको रूपमा उद्धार गरी यथासम्भव पारिवारिक पुनर्मिलन गराउने उद्देश्यका साथ अल्पकालिन आश्रयको व्यवस्था मिलाउने,

(ङ) कुनै पनि व्यक्ति, संघसंस्था, सामाजिक सञ्जाल वा पत्रपत्रिकाबाट उद्धार गर्नुपर्ने सहयोगापेक्षी मानवको बारेमा जानकारी प्राप्त भएमा एकिन गरी उद्धार गर्ने,

(च) सहयोगापेक्षी सडक आश्रित मानव रहेको स्थानका स्थानीय व्यक्ति वा स्थानीय तहका जनप्रतिनिधि र सुरक्षा निकायका व्यक्ति समेतको उपस्थितिमा, निजको उद्धार गर्नुपर्ने स्पष्ट कारण खुलेको अनसूची-१ वमोजिको उद्धार फाराम तथा अनुसूचि-२ वमोजिमको खानतलासी मुचुल्का भरी उद्धार गर्ने र सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिने,

(छ) घरपरिवारले अमानवीय तरिकाबाट बाँधेर वा थुनेर राखेको पाइएमा त्यस्तो परिवारलाई सम्झाई बुझाई अस्पतालमा लगि उपचार गराउन प्रेरणा प्रदान गर्ने, आश्रमवाट हुनसक्ने परामर्श सेवा उपलब्ध गराउने र सो गर्दा समेत अटेर गरेको पाईएमा सम्बन्धित सरोकारवाला निकायलाई लिखित जानकारी गराउने,

(ज) कुनै स्थानीय तहबाट उद्धारको लागि अनुरोध भई आएमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी उद्धार गर्ने,

(झ) उद्धार गर्दाको अवस्थाको मुचुल्का, स्थानीय तहको सिफारीस तथा अन्य कागजपत्र, सहयोगापेक्षीको उद्धार गर्ने क्रममा खिचिएको तस्वीर सुरक्षित रुपमा व्यक्तिगत फाइल बनाई स्थानीय जनप्रतिनिधि वा सम्बन्धित सरोकारवाला निकायबाट प्रमाणित गराई राख्ने।

७. <u>उद्धारमा प्राथमिकता दिइने:</u> सडक आश्रित मानवको उद्धार गर्दा देहाय बमोजिमका प्राथमिकताका आधारमा गर्नु पर्नेछः-

(क) मनोरोग वा मनोसामाजिक समस्या भएका, खुला आकाशमुनी रात विताउन बाध्य महिला, गर्भवती महिला, नवजात शिशु वा बालबालिका,



प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

(ख) शारीरिक तथा मानसिक रूपमा कमजोर, असाहाय जेष्ठ नागरिको खाने र बस्ने व्यवस्था नभएका अशक्त व्यक्ति,

(ग) मनोरोग वा मनोसामाजिक समस्याको कारण स्वयंम् आफ्ना लागि केही गर्न नसक्ने अवस्थामा रहेका सडक आश्रित सहयोगापेक्षी मानव,

(घ) बालबालिकाको हकमा बालवालिका खोजतलास समन्वय केन्द्रलाई जानकारी गराउदा समेत उद्धार हुन नसकेका बालबालिका।

८. <u>सडक आश्रित मानवलाई आश्रममा राखिने:</u> (१) संस्थाको आश्रममा संरक्षणको लागि ल्याइएका सडक आश्रित मानवलाई संस्थाले आफ्नो आश्रममा राखन सक्नेछ।

(२) छ महिना भन्दा बढी आश्रममा रहेका तर पारिवारिक पुनर्मिलन सम्भव नभएकाको लागि पारिवारिक पुनर्मिलन सम्भव नहुनुका कारण खुलाई आश्रममा रहने व्यवस्था मिलाई सोको जानकारी कार्यालयलाई दिनुपर्नेछ।

९. <u>पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था:</u> आश्रम वा पुनर्स्थापना केन्द्रले आफ्नो संरक्षणमा रहेका मानवको पारिवारिक पुनर्मिलन सम्बन्धी कार्य देहाय बमोजिम गर्नु पर्नेछः-

(क) सडक मानवको आधारभूत शारीरिक तथा मानसिक उपचार पश्चात् पारिवारीक पुनर्मिलनका लागि आवश्यक प्रयास र समन्वय गर्ने,

(ख) आश्रितको परिवार वा आफन्तको पहिचान भएमा निजसँग सम्पर्क राखी स्थानीय जनप्रतिनिधि वा प्रहरीको रोहबरमा पुनःसडकमा नआउने सुनिश्चितता गराई पारिवारको जिम्मा लगाउने,

(ग) समय समयमा निजको शारिरिक मानसिक लगायतका अवस्थाका बारेमा अद्यावधिक विवरण लिने,

(घ) पूनःसडकमा आएको सूचना प्राप्त भएमा पूनः उद्धार तथा संरक्षण प्रदान गर्ने,

(ङ) आवश्यकताका आधारमा निजलाई परिवारमै रहने वातावरण बनाउन पारिवारिक मनोपरामर्श सेवा उपलब्ध गराउने।

१०. <u>संस्था छनौटका लागि प्रस्ताव आव्हानः</u> कार्यालयले कार्यक्रम कार्यान्वयनको लागि संस्था छनौट गर्न कम्तीमा सात दिनको सार्वजनिक सूचना सहितको प्रस्ताव आव्हान गर्नुपर्नेछ र यस्तो सूचना कार्यालयको वेबसाइट तथा सूचनापाटीमा राख्नु पर्नेछ।

११. <u>प्रस्ताव पेस गर्नुपर्ने:</u> (१) इच्छुक संस्थाले यस कार्यविधि तथा प्रस्ताव आव्हानको सूचनामा तोकिएका शर्त र समयावधि भित्र कार्यालयमा प्रस्ताव पेस गर्न सक्नेछ।

(२) प्रस्ताव पेस गर्दा देहायका कागजात संलग्न गर्नुपर्नेछः-



मा. जनमजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

प्रदेश सचिव

(क) सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलाप,

(ख) आवश्यक पर्ने न्यूनतम पूर्वाधार, जनशक्ति र सक्षमता भएको विवरण,

(ग) प्रचलित कानुन वमोजिम नवीकरण गर्नुपर्ने भएमा नवीकरण सहितको संस्था दर्ताको प्रमाणपत्र, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, कार्यक्रम सञ्चालन गरिने स्थान, संस्थाको सञ्चालक समिति वा कार्य समितिको निर्णय, क्रियाकलापको लागि आवश्यक पर्ने रकमको स्रोत व्यवस्थापनको विवरण र कागजात,

(घ) संस्थाले आफ्नो तर्फबाट व्यहोर्ने लागत रकम भएको सुनिश्चितता वा बैंक जमानत,

(ङ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य निकायबाट सोही कार्य र व्यक्तिको लागि दोहोरो पर्ने गरी कुनै नगद अनुदान वा वस्तुगत सहयोग प्राप्त नगरेको स्वघोषणा।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्था स्थापना भएको एक वर्ष नपुगेको भएमा लेखापरीक्षण प्रतिवेदनको सट्टा वित्तीय विवरण पेस गर्न सक्नेछ।

१२. <u>प्रस्तावको मूल्याङ्कन:</u> (१) कार्यालयले कार्यक्रमको प्रकृति, प्राविधिक पक्ष तथा सम्बन्धित विषय र प्रचलित कानुनमा तोकिएका पदाधिकारी तथा प्रतिनिधि रहने गरी मूल्याङ्कन समिति गठन गरी अनुसूची-३ बमोजिमका मूल्याङ्कन सूचक तथा मापदण्डको आधारमा संस्थाले पेस गरेको प्रस्तावको मूल्याङ्कन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले मूल्याङ्कन गर्नुअघि संस्थाले पेस गरेको विवरणको यथार्थता र वस्तुस्थितिको स्थलगत निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिले यस दफा बमोजिम प्रस्तावको मूल्याङ्कन गरी प्रतिवेदन कार्यालयमा पेस गर्नुपर्नेछ र मूल्याङ्कन प्रतिवेदनका आधारमा कार्यालयले त्यस्तो संस्था छनौट गरी सोको जानकारी संस्थालाई दिनुपर्नेछ।

१३. <u>सम्झौता सम्बन्धी व्यवस्था:</u> (१) कार्यालयबाट छनौट भएको संस्थालाई सम्झौताको लागि तीन दिनको म्यादसहितको सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र संस्थासंग सम्झौताका शर्तहरु निर्धारण गरी कार्यालयले सम्झौता गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआएमा कार्यालयले प्राथमिकताक्रममा रहेका अन्य संस्थासंग सम्झौता गर्न सक्नेछ।



मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

प्रदेश सचिव

तर तोकिएको समयभित्र कुनै काबु बाहिरको परिस्थिति सिर्जना भई छनोट गरेको संस्थाको प्रतिनिधिले कार्यालयमा सम्झौता गर्न आउन नसक्ने पूर्व सूचना दिएमा कार्यालयले संस्थाले अधिकार प्राप्त अधिकारी संग अर्को सम्झौता गर्न बाधा पर्ने छैन।

१४. <u>संस्थाबाट प्रदान गरिने सेवा:</u> संस्थाले देहाय बमोजिमका सेवा तथा सुविधा उपलब्ध गराउनु पर्नेछ:-

(क) सुरक्षित आवास, लत्ताकपडा तथा सन्तुलित खानपानको व्यवस्था,

(ख) दैनिक प्रयोगका सामग्रीको व्यवस्थापन,

(ग) मनोसामाजिक परामर्श तथा मनोसामाजिक सेवाको व्यवस्था,

(घ) सरकारी अस्पतालमा स्वास्थ्य उपचारको व्यवस्था,

(ङ) कानुनी सहयोग तथा परामर्श सेवा,

(च) शिक्षा, सीप विकास, व्यावसायिक तालिम तथा क्षमता विकास कार्यक्रम,

(छ) पुनर्स्थापना तथा पारिवारिक पुर्नमिलन सम्बन्धी कार्य,

(ज) मनोरञ्जन, खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन,

(झ) सम्झौतामा उल्लेख भएका अन्य सेवा तथा सुविधा,

(ञ) दफा १९ वमोजिमको समितिले उपयुक्त ठानेको अन्य सेवा,

१५. <u>खर्च सम्बन्धी व्यवस्था:</u> (१) संस्था वा आश्रममा संरक्षित मानवको लागि सम्बन्धित संस्थाले प्रति व्यक्ति प्रति दिन एक सय रूपैयाँ नबढ्ने गरी सेवा उपलब्ध गराउन सक्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिमका आधार र सम्झौतामा उल्लिखित शर्त बमोजिम कार्यालयले उपलब्ध गराएको रकमको सिमाभित्र रहेर खर्च गर्नुपर्नेछ ।

(३) सम्बन्धित संस्था वा आश्रम वा पुनर्स्थापना केन्द्रले भौतिक पूर्वाधार निर्माण तथा मर्मत संभार कार्यमा यस कार्यविधि बमोजिम प्राप्त रकम खर्च गर्न सक्नेछैन।

(४) कुनै आर्थिक वर्षमा रकम विनियोजन नभएमा उपदफा (१) बमोजिमको रकम उपलब्ध गराउन कार्यालय वाध्य हुनेछैन।

(५) संस्था वा आश्रम वा पुनर्स्थापना केन्द्रले दफा २५ बमोजिम प्रतिवेदन पेश गर्दा संघ, प्रदेश, स्थानीय तह, संस्था वा अन्य निकाय र कार्यालयबाट प्राप्त रकमबाट प्रदान गरेको सेवा, सेवाको प्रकृति प्राप्त गर्नेको संख्या र अवधि सहितको दोहोरो खर्च नपर्ने गरी विवरण पेश गर्नुपर्नेछ।

(६) सम्बन्धित संस्था वा आश्रम वा पुनर्स्थापना केन्द्रले उपदफा (५) बमोजिमको प्रतिवेदन पेश गर्दा दफा १९ बमोजिमको समितिको संयोजकले प्रत्यक महिनाको विवरण प्रमाणित गरेको हुनुपर्नेछ।



प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

१६. <u>आर्थिक स्रोत व्यवस्थापन:</u> (१) कार्यालयले सडक आश्रित मानव व्यवस्थापनको लागि आफैले वा कुनै संस्थासँग बार्षिकरूपमा सम्झौता गरी सडक आश्रित मानवको व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले संस्थासँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्दा संस्थालाई भुक्तानी गर्नुपर्ने रकम कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समितिको सिफारिसमा संस्थाको बैंङ्क खातामा भुक्तानी गर्नेछ।

१७. <u>निर्देशक समिति:</u> (१) सडक आश्रित सहयोगापेक्षी मानवको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा नीतिगत समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) महानिर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय -सदस्य

(घ) प्रतिनिधि, प्रदेश प्रहरी कार्यालयले तोकेको प्रहरी अधिकृत -सदस्य

(ङ) प्रतिनिधि, नेपाल नगरपालिका संघ, लुम्बिनी प्रदेश -सदस्य

(च) प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ, लुम्बिनी प्रदेश -सदस्य

(छ) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकतानुसार समितिको अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा विशेषज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) मन्त्रालयको सामाजिक विकास हेर्ने महाशाखाले समितिको सचिवालयको रूपमा काम गर्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१८. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश भित्रका सडक आश्रित सहयोगापेक्षी व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि नीतिगत निर्णय गर्ने,

(ख) प्रदेश सरकारलाई आवश्यक राय सुझाव प्रदान गर्ने,



प्रदेश सचिव

मा. जनमजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

(ग) आर्थिक तथा अन्य स्रोत साधन व्यवस्थापन सम्बन्धमा आवश्यक सहजीकरण गर्ने गराउने,

(घ) कार्यक्रम सहजीकरण समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) समय समयमा अनुगमन, निरिक्षण गर्ने गराउने।

१९. <u>कार्यक्रम सहजीकरण समितिः</u> (१) निर्देशक समितिलाई आवश्यक सहयोग गर्न, कार्यक्रम कार्यान्वयनका लागि संस्थासँग समन्वय तथा सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको एक कार्यक्रम सहजीकरण समिति रहनेछः-

(क) कार्यालय प्रमुख -संयोजक

(ख) अधिकृत प्रतिनिधि,जिल्ला स्वास्थ्य कार्यालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(घ) कार्यालय प्रमुखले तोकेको कार्यालयको कर्मचारी -सदस्य सचिव

(२) समितिको बैठक आवश्यकतानुसार समितिको अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा विशेषज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको सचिवालय कार्यालयमा रहनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२०. <u>कार्यक्रम सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः</u> कार्यक्रम सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन निरिक्षण गर्ने,

(ख) अमानवीयरुपमा जीवन जीउन बाध्य व्यक्तिको परिवारलाई दायित्व बोध गराई उचितरूपमा संरक्षणको वातावरण सिर्जना गर्न सरकारवाला निकायसंग समन्वय गर्ने,

प्रदेश सचिव

मा. जनार्जय तिमिल्सिना
सामाजिक विकास मन्त्री

(ग) सडक आश्रित मानवको उद्धार, संरक्षण र व्यवस्थापनमा स्थानीय तह तथा अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने,

(घ) सडक आश्रित मानव व्यवस्थापनको क्षेत्रमा कार्यरत संघ संस्थाको नियमित अनुगमन गर्ने, गराउने,

(ङ) सडक आश्रित मानवको व्यवस्थापनका लागि आवश्यक कार्यक्रमको पहिचान गरी कार्यालय मार्फत मन्त्रालयमा पेस गर्ने,

(च) सडक आश्रित मानवको व्यवस्थापन सम्बन्धमा भएका कार्यको प्रगति विवरण तयार गरी कार्यालय मार्फत मन्त्रालय समक्ष पेस गर्ने,

(छ) संस्थाले सम्झौता अनुसार काम गरे नगरेको अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ज) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

२१. <u>संस्थाको काम कर्तव्य :</u> कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित संस्थाको काम कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) दफा १४ बमोजिमको सेवा तथा सम्झौता बमोजिमका सेवा प्रदान गर्ने,

(ख) संस्थामा रहेका सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरुको वैयक्तित विवरण राख्ने र अद्यावधिक गर्ने,

(ग) सडक आश्रित सहयोगापेक्षी मानवको पहिचान, उद्धार, संरक्षण, पुनर्स्थापना लगायत व्यवस्थापनमा भएका कार्यहरूको भौतिक तथा वित्तीय प्रगतिको प्रतिवेदन मासिक र वार्षिक रुपमा सम्बन्धित स्थानीय तह, कार्यालय र मन्त्रालयमा पेस गर्ने,

(घ) सडकमा आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने।

२२. <u>सडकमा आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश घोषणाका आधार तथा सूचक:</u> सडकमा आश्रित सहयोगापेक्षी मानवममुक्त प्रदेश घोषणा गर्दा अनुसूची-४ मा उल्लिखित सूचकका आधारमा घोषणा गर्नुपर्नेछ ।

२३. <u>सडकमा आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश घोषणा:</u> (१) प्रदेश सरकारले निर्देशक समितिको सिफारिसमा सडकमा आश्रित सहयोगापेक्षी मानव मुक्त प्रदेश घोषणा गर्न सक्नेछ र त्यसरी घोषणा गर्नुपूर्व जिल्ला समन्वय समितिहरूबाट जिल्लागत प्रगति प्रतिवेदन माग गर्नुपर्नेछ।

प्रदेश सचिव

का. जक्काजंग थिमिल्सिना

(२) उपदफा (१) बमोजिम सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश घोषणा गर्नुपूर्व जिल्लाहरू सडक आश्रित मानवमुक्त जिल्ला घोषणा गरेको वा घोषणाका लागि प्रतिबद्धता जनाएको हुनुपर्नेछ।

(३) यस दफा बमोजिम जिल्ला वा प्रदेशले सहयोगापेक्षी सडक आश्रित मानव मुक्त घोषणा गरे पश्चात अनुसूची-५ मा उल्लिखित मानवता प्रवर्द्धनका विषयमा जिम्मेवार निकाय र सम्बन्धित सरोकारवालाले प्रतिबद्धता जनाउनु पर्नेछ।

२४. <u>अनुगमन तथा मूल्याङ्कन</u>: यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयन तथा संस्थाको अनुगमन तथा मूल्याङ्कन कार्यालय, निर्देशक समिति र मन्त्रालयले गर्न सक्नेछ।

२५. <u>नियमित रूपमा प्रतिवेदन पेस गर्नुपर्ने</u>: संस्थाले हरेक महिनाको तीन गतेभित्र आश्रममा प्रदान गरिएको सेवा, आश्रमको व्यवस्थापन तथा अन्य विषयहरू समेटी मासिक प्रगति विवरण कार्यालयमा पेस गर्नुपर्नेछ।

२६. <u>सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण</u>: यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गरेको रकमको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण सम्बन्धित संस्थाले गर्नुपर्नेछ।

२७. <u>लेखापरीक्षण</u>: संस्था वा आश्रम वा पुनर्स्थापना केन्द्रले दफा १५ बमोजिमको खर्च विवरण सहितको श्रेस्ता कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले सात दिनभित्र पेश गर्नुपर्नेछ र उक्त खर्चको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गर्नुपर्नेछ।

२८. <u>प्रचलित कानुन बमोजिम हुने</u>: यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ।

प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

अनुसूची-१

(दफा ६ को खण्ड (च) संग सम्बन्धित)

## सहयोगापेक्षी सडक आश्रित मानवको उद्धार फारामको ढाँचा

पुरा नाम ______________________ उमेर ________ लिङ्ग ________

उद्धार गरिएको स्थान ____________________________ उद्धार मिति ____________

स्थायी ठेगाना ________________________________

पारिवारिक पृष्ठभूमि : असक्षम /अज्ञात

उद्धार गर्नुपर्ने मुख्य
कारण :.....................................................................................................
.....................

**उद्धारको लागि जानकारी दिने व्यक्ति**

नाम ______________________ संलग्नता ________ सम्पर्क नं. ____________

दस्तखत : ______________

**सिफारिस गर्ने स्थानीय प्रहरी / प्रतिनिधी**

नाम ______________________ पद ______________कार्यालयको नाम ______________

ठेगाना ______________________ सम्पर्क नं. __________________

दस्तखत / कार्यालयको छापः

**उद्धारमा संलग्न साक्षीहरु**

नाम : ______________ संलग्नताः ________ सम्पर्कः ________

दस्तखतः ________

नाम : ______________ संलग्नताः ________ सम्पर्कः ________

दस्तखतः ________

नाम : ______________ संलग्नताः ________ सम्पर्कः ________

दस्तखतः ________



प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

**प्रमाणित गर्ने स्थानीय तह:**

कार्यालयको नाम ______________________________ जिल्ला ______________________________

सम्पर्क नं. _______________ प्रमाणित गर्ने जनप्रतिनिधीको नाम __________________ पद _______________

दस्तखत / कार्यालयको छापः ______________________________

**नजिकको नातेदार वा उद्दार गरिएको व्यक्ति बारे जानकारी व्यक्ति**

नाम ______________________________

ठेगाना ______________________________ सम्पर्क नं. ______________________________

**कार्यालय प्रयोजनको लागि**

दर्ता नं. __________________ उद्दार गर्ने शाखा _______________ स्वास्थ्य अवस्था ____________________

भर्ना लिने अधिकारी :

नाम ______________________________ दर्जा __________________ मिति __________

दस्तखत : __________________

प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

अनुसूचि-२

## दफा ६ को खण्ड (च) संग सम्बन्धित

## सहयोगापेक्षी सडक आश्रित मानवको खानतलासी मुचुल्काको ढाँचा

श्री ————संस्थाले सडक आश्रित मानवको अवस्था अवलोकन गरी, सहयोगापेक्षी ठहर गरी उद्धार गर्ने प्रकृयामा रहँदा नीज मानवको साथमा रहेका सर-सामानहरु एकिन गर्न उपस्थित सहयोगीहरुको रोहवरमा गरिएको सडक आश्रित मानवको शरीरको खानतलासी मुचुल्काः

१) सूचनाको छोटकरी विवरणः ————
जिल्ला————पालिका
वडा नं:————को ————
स्थानमा————अवस्थामा वेवारिसे मानव रहेको ————बाट
फोन/पत्र मार्फत जानकारी प्राप्त भई अवस्था अवलोकन/उद्धारकार्यमा सहभागी भएको ।

२) खानतलासी गरिएको मानिस रहेको चार किल्लाको विवरणः
पूर्वः———— पश्चिमः———— उत्तरः ————
दक्षिणः ————

३) खानतलासीको क्रममा भेटिएका सामाग्री वा दसीको विवरणः
क) ————
ख) ————
ग) ————
घ) ————

४) देखे बमोजिम दस्तखत गर्ने साक्षीहरुको नाम, थर, वतन, दस्तखतः
क) ————
ख) ————
ग)————

५) रोहवरमा बस्नेहरुको नाम, थर, वतन र दस्तखतः
संस्थाका प्रतिनिधिहरुले नीज सडक मानवको शरीर खानतलासी इज्जत साथ लिएको र यसमा कुनै हिनामिना भएको छैन । बुँदा नं. ३ मा उल्लेख भए बमोजिमका सामाग्रीहरुका साथ सडक मानवलाई उद्धार गरी संस्थाको श्रोतले भ्याएसम्म खाना, छाना र नानाको व्यवस्थापन



प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

गर्न निःस्वार्थ मानवीय सेवाको लागी संस्थाले उद्धार गरेको हामीलाई जानकारी छ । निज व्यक्ति उपर कुनै दैवी दुर्घटना भएमा, निजको आचरण, व्यवहारको कारण निजलाई संस्थाले रेखदेख, लालन पालन गर्न तथा आफ्नो नियन्त्रणमा राखिरहन नसक्ने अवस्था भई नीज आश्रम छोडी भागी गएमा वा शाखा संयोजक वा सेवागर्नेहरुको काबु बाहिरको कुनै अवस्था सिर्जना भएमा वा बिपत्ती आइपरेमा संस्था वा शाखामा सेवारत समर्पित अभियन्ता, सेवक/सेविका वा कर्मचारीहरु जिम्मेवार हुनुपर्ने छैन भनी दस्तखत गर्नेः

क) सूचना दिने व्यक्तिः ——————————————

ख) प्रहरी प्रनितिधिः ——————————————

ग) स्थानीय/जनप्रनितिधिः ——————————————

६) खानतलासी तथा उद्धारको सेवा तामेल गर्न खटिएका आश्रम प्रतिनिधिः

नामः ———— पदः———— दस्तखतः ————

मितिः————समयः————

प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

## अनुसूची-३

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

### प्रस्ताव मूल्याङ्कनको सूचक तथा मापदण्ड

| क्र.सं. | सूचक तथा मापदण्ड | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | **कार्यक्रमको आवश्यकता औचित्य** | ५ | |
| १.१ | सहयोगापेक्षी सडक मानव मुक्त प्रदेश निर्माणका लागि सान्दर्भिक कार्यक्रम र कार्यान्वयन योजना सहितको विस्तृत प्रस्ताव भएको ५ | | |
| १.२ | कार्यक्रम प्रस्ताव भएको ३ | | |
| २ | **आश्रित सहयोगापेक्षी सडक मानवको मौजुदा संख्या** | १५ | |
| २.१ | १५० जना वा सो भन्दा बढी भएमा १५ | | |
| २.२ | १०० जना वा सो भन्दा बढी र १५० जना भन्दा कम भएमा १० | | |
| २.३ | १०० जना भन्दा कम भएमा ५ | | |
| ३ | **भौतिक पूर्वाधार** | ५ | |
| ३.१ | संस्थाको आफ्नै जग्गा र भवन भएको ५ | | |
| ३.२ | संस्थाको जग्गा मात्र प्राप्त भएको ३ | | |
| ३.३ | भाडाको भवनमा कम्तिमा दुई वर्षको सम्झौता भएको २ | | |
| ४ | **जनशक्ति** | १५ | |
| ४.१ | संस्थाको आन्तरिक जनशक्ति २० जना वा सो भन्दा भन्दा बढी भएको १५ | | |
| ४.२ | संस्थाको आन्तरिक जनशक्ति १०जना भन्दा बढी २० जना सम्म भएको १० | | |
| ४.३ | संस्थाको आन्तरिक जनशक्ति १० जना सम्म भएको ५ | | |
| ५ | **अनुभव (संस्थाको स्थापनालाई आधार मानी)** | ५ | |
| ५.१ | १० वर्ष भन्दा माथि ५ | | |
| ५.२ | ५ वर्ष भन्दा माथि १० वर्ष सम्म ३ | | |
| ५.३ | २ वर्ष देखि ५ वर्ष सम्म २ | | |
| ६ | **संस्थाको आन्तरिक श्रोत साधन परिचालनको अंश** | ५ | |
| ६.१ | प्रस्तवित कार्यक्रम संस्थाको स्रोतको अंश २० प्रतिशत भन्दा बढी भएमा ५ | | |
| ६.२ | प्रस्तवित कार्यक्रम आफ्नै स्रोतको अंश १० प्रतिशत भन्दा बढी २० प्रतिशत सम्म भएमा ३ | | |
| ६.३ | प्रस्तवित कार्यक्रममा आफ्नै स्रोतको अंश १० प्रतिशत सम्म भएमा २ | | |
| | **जम्मा** | ५० | |

प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

अनुसूची-४

(दफा २२ सँग सम्बन्धित)

## सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश घोषणाका आधार तथा सूचक

(क) आधारहरू:

१. प्रदेश सरकारको योजना, वार्षिक नीति तथा कार्यक्रममा सडक मानवमुक्त प्रदेश घोषणा गर्ने विषय समावेश भएको,

२. संस्थाहरूको समन्वयमा सबै जिल्लाहरू सडक आश्रित मानवमुक्त जिल्ला घोषणा भएको वा घोषणाका लागि जिल्ला समन्वय समितिहरुबाट प्रतिबद्धता जनाएको हुनुपर्नेछ ।

३. उद्धार तथा पारिवारिक पुनर्मिलन, पुनर्स्थापना एवम् सडक मानव व्यवस्थापनमा समर्पित संघसंस्थाहरूको संस्थागत तथा पूर्वाधार सुदृढीकरणका कार्यक्रम सञ्चालन भईरहेका,

४. मानवता प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन भईरहेका,

५. सार्वजनिक स्थलमा सहयोगापेक्षी मानव नभएको वा भएमा तुरून्त उद्धार गर्न सक्ने संयन्त्र तयार हुनु,

(ख) सहयोगापेक्षी सडक आश्रित मानवमुक्त हुने सूचकहरू:

| सि.नं. | सार्वजनिक स्थल वा सडक छेउमा भेटिने मानवहरूको प्रकृति | उद्धार गरी पुनर्स्थापना गर्ने जिम्मेवारी | सहयोगापेक्षी सडक मानवमुक्त मान्ने अवस्था |
|---|---|---|---|
| १. | खुला आकाशमुनि रात विताउन विवश घरपरिवारविहीन, परिवार तथा समाजबाटै परित्यक्त, बेसहारा, अनाथ, अपाङ्गता भएका, अशक्त, असाहय, मनोरोगी तथा जीवन नै सङ्कटमा रहेका तथा जुनसुकै उमेर समूहका साहाराको आवश्यक भएका मानवहरू | सम्बन्धित स्थानका नागरिक, वडा कार्यालय, सुरक्षा इकाइको सहयोगमा मानव सेवा आश्रम वा अन्य पुनर्स्थापना केन्द्र | फेला परेको सूचना पाएकै दिन (२४ घण्टाभित्र) आश्रम वा पुनर्स्थापना केन्द्रमा गइ सुरक्षित आश्रय पाएको हुनेछ। |
| २. | मजदुरी गरी न्यूनतम पारिश्रमिकबाट जीवनयापन गर्न नसकी अस्तव्यस्त रुपमा सार्वजनिक स्लथ र सडकमा भेटिने श्रमिकहरू वा कामदार | रोजगारदाताले नै सेल्टरको व्यवस्था गर्नुपर्ने। | सम्बन्धित रोजगारदाताले सूचना पाएको २४ घण्टाभित्र सडकबाट |



प्रदेश सचिव

मा. [illegible] तिमिल्सिना
सामाजिक विकास मन्त्री

| | | | |
|---|---|---|---|
| | | | वैकल्पिक व्यवस्था गर्ने। |
| ३. | जाँड रक्सी, लागुपदार्थ सेवन गरी सडक छेउ वा सार्वजनिक संरचनाहरूमा अशोभनीयरूपमा बस्ने, सुत्ने गरेका व्यक्तिहरू | प्रहरी प्रशासनले हटाउने तर नगर प्रहरी वडा कार्यालय र अन्य सुरक्षा निकायले पनि परिवारमा वा मानव सेवा आश्रम वा अन्य पुनर्स्थापना केन्द्र मा पठाउन सहयोग गर्ने | फेला परेको २४ घण्टाभित्र सार्वजनिक स्थलमा बस्न छाडेको हुनेछ। |
| ४. | फिरन्ते मानवहरू वा तीर्थव्रत वा धर्मका लागि आएका व्यक्तिहरू | स्थानीय नागरिक र सुरक्षा निकायले निजलाई धर्मशालामा जान सहयोग, समन्वय गर्ने | सूचना प्राप्त भएको २४ घण्टाभित्र नीज व्यक्तिहरू धर्मशालामा पुगेका वा अन्यत्र व्यवस्थापन भएका हुनेछन् |
| ५. | पेसेवर मगन्तेहरूको रुपमा रहेर वा प्रयोगमा ल्याइएर सार्वजनिक स्थल र सडकमा अस्तव्यस्तरुपमा जीवनयापन गर्ने। | स्थानीय तह, सुरक्षा निकाय वा मानवसेवा आश्रम वा अन्य पुनर्स्थापना केन्द्र नागरिक परामर्श गरी स्थायी ठेगानामा पुनर्स्थापना वा पुनर्मिलनका लागि पठाउने। | फेला परेको २४ घण्टाभित्र |



प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

## अनुसूची-५

### (दफा २३ को उपदफा (३) सँग सम्बन्धित)

### मानवता प्रवर्द्धनका लागि प्रतिबद्धता जनाउनु पर्ने विषयहरू

(क) सरकारका तीनवटै तहको नीति तथा कार्यक्रम तर्जुमा गर्दा मानवता तथा मानव सेवाको विषयलाई महत्वका साथ समेट्ने,

(ख) युवाहरूमा मानवीयता सम्बन्धी औपचारिक र अनौपचारिक शिक्षाको माध्यमबाट समेट्ने,

(ग) मानवता र नैतिकताका विषयहरूको जोड दिने,

(घ) परिवारका सदस्यहरूको रेखदेखका लागि उपयुक्त व्यवस्था गर्नुपर्ने,

(ङ) समुदायमा ज्येष्ठ नागरिकहरू विश्रामस्थल बनाउन अन्य रचनात्मक गतिविधिमा सहभागी हुनका लागि आवश्यक व्यवस्था गर्नुपर्ने,

(च) सार्वजनिक स्थलमा वा सडकमा कोही असहाय वा सहयोगापेक्षी व्यक्ति फेला परेमा सम्बन्धित पालिका वा त्यस अन्तगर्गतको वडा कार्यालय वा नजिकको प्रहरी इकाइमा सूचना गर्ने,

(छ) ज्येष्ठ नागरिकहरूलाई उपचारको सहज व्यवस्था र असहाय एवम् वेवारिसे व्यक्तिहरूलाई आश्रयस्थलसम्म पुयाउन सहयोग गर्ने,

(ज) सबैखाले तालिम कार्यक्रम तथा अभिमुखीकरण कार्यक्रममा मानवता प्रवर्द्धनसंग सम्बन्धित समावेश गर्ने,

(झ) सार्वजनिक स्थान, विद्यालय तथा क्याम्पसहरूमा मानवता प्रवर्द्धन सम्बन्धी नाटक एवम् उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने।

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

प्रदेश सचिव